नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्या:- ६४३ मिति :- २०७२/४/२६

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत अन्य कार्यालय र इजाजतपत्रप्राप्त "क" वर्गका बैकहरू ।

विषय :- सुन आयात तथा बिक्री वितरण कार्यविधि, २०६८ मा संशोधन गरिएको सम्बन्धमा ।

महाशय,

सुन आयात तथा बिक्री व्यवस्था सम्बन्धमा यस विभागबाट मिति २०७१/१०/११ मा इ.प्रा.परिपत्र संख्या ६३४ मार्फत जारी गरिएको "सुन आयात तथा बिक्री वितरण कार्यविधि, २०६८" को परिच्छेद २ को दफा ४ मा भएको "आयात गर्न सकिने सुनको दैनिक परिमाणलाई १५ किलोग्राम कायम गरिएको छ" भन्ने व्यवस्था पछि " हाललाई आयात गर्न सकिने सुनको दैनिक परिमाण २०७२ असोज मसान्तसम्मको लागि २० किलोग्राम कायम गरिएको छ ।" भनी थप गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

भवदीय,

(भिष्मराज ढुंगाना)
कार्यकारी निर्देशक

बोधार्थ:
१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय व्यवस्थापन महाशाखा ।
४. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।
५. श्री नेपाल सरकार, वाणिज्य मन्त्रालय, निर्यात प्रवर्द्धन तथा अन्तर्राष्ट्रिय व्यापार शाखा ।
६ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
७. श्री बैंक सुपरिवेक्षण विभाग ।
८. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
९. श्री नेपाल बैंकर्स संघ ।
१०. श्री नेपाल सुनचाँदी व्यवसायी महासंघ ।
११. श्री नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघ ।
१२. श्री नेपाल हस्तकला महासंघ ।